हरिनगर गाउँपालिका

स्थानीय राजपत्र

**खण्डः** ५ **संख्याः** ११ **मितिः** २०७९/१२/१५

**भाग-२**

**हरिनगर गाउँपालिका**

## बिपन्न नागरिक आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७९

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:** २०७९ । १२ । १५

आर्थिक रुपले अति विपन्न गरिव, निमुखा, दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपागं, बेवास्तामा परेका ज्येष्ठ नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्न आवश्यक कानून निर्माण गरी आर्थिक सहायता वितरणमा एकरुपता ल्याई स्थानीय सरकारवाट प्रदान हुने आर्थिक सहायता एवं राहत समान ढंगले वितरण होस भन्ने उद्धेश्यले कार्यविधि बनाई लागू गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा हरिनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी हरिनगर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भः (१)** यस कार्यविधिको नाम "बिपन्न नागरिक आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७९ रहेको छ।

**(२)** यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)** "गाउँपालिका" भन्नाले हरिनगर गाउँपालिकालाई सम्झनु पदर्छ।

**(ख)** "कार्यपालिका" भन्नाले हरिनगर गाउँ कार्यपालिकालाई सम्झनु पदर्छ ।

**(ग)** "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनि रहेका मुटु, मृगौला, फोक्सो, कलेजो वा स्पाइनलकड भाचिएका जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु वा घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त वा पीडित एवं बेचविखनमा परेका महिलाहरु वा हराएको वा बेवारिसे अवस्थामा फेला परेको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित व्यक्तिहरु वा दूर्घटनामा परेको वा बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको वा यौन शोषण, यौन दुर्व्यवहार वा बेचविखन वा ओसार पसारमा परेको, वा बाबुआमा वा संरक्षकबाट वञ्चित वा अपांगता भएको वा सुस्त मनस्थिति भएको वा अपहरण वा शरीर बन्धकमा परेको वा सडक बालबालिका वा एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा समतेलाई सम्झनु पर्दछ ।

(घ) **“न्यायिक समिति”** भन्नाले हरिनगर गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) **“अध्यक्ष”** भन्नाले हरिनगर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) “उपाध्यक्ष” भन्नाले हरिनगर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(छ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले हरिनगर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपदर्छ ।

(ज) “आर्थिक सहायता ” भन्नाले खण्ड (ग) बमोजिम पिडित व्यक्तिलाई सहायता वापत हरिनगर गाउँपालिकावाट प्रदान गरिने सहयोग सम्झनु पर्दछ ।

(झ) “वडासमिति” भन्नाले हरिनगर गाउँपालिका भित्रका वडाहरुलाई सम्झनु पर्दछ ।

(ञ) “सभा” भन्नाले हरिनगर गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ।

## परिच्छेद -२

## आर्थिक सहायता तथा राहत वितरण सम्बन्धि प्रक्रिया

**३. आर्थिक सहायता लिनका लागि निवेदन दिनु पर्नेः** (१) यस कार्यविधिको दफा २ को खण्ड (ग) बमोजिम आर्थिक सहायता पाउन योग्य हरिनगर गाउँपालिका क्षेत्र भित्र स्थायी बसोवास गर्ने नागरिकहरुले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित अनुसूची -१ बमोजिम स्वयं पिडित व्यक्ति आई गाउँपालिकामा आफै निवेदन दिनुपर्नेछ।

**स्पष्टिकरण** “आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडाले प्रमाणित गरेको सिफारिस सहितको कागजात, उपचार गरेको अस्पतालको सबै रिपोर्ट लगायतका अन्य आवश्यक कागजात बुझ्नु पर्दछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि पिडित व्यक्ति स्वयम उपस्थित भई निवेदन दिन असमर्थ भएको अवस्थामा सम्बन्धित पिडित व्यक्तिको नजिकको हकदार हो भनी प्रमाणित हुने खालका प्रमाण पत्र सहित सम्बन्धित वडाको सिफारिस लिई आएमा त्यस्तो पिडित व्यक्तिको संरक्षकले पनि निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस गाउँपालिका क्षेत्र भित्र स्थायी बसोवास नगर्ने कुनै व्यवसाय वा अन्य कुनै उद्देश्यले अस्थायी रुपमा विगत दुई वर्षदेखि लगातार बसोवास गर्दै आएका नागरिकहरुलाई पनि आवश्यक प्रकृया पुरयाई निवेदन लिई आएमा गाउँ कार्यपालिकाले निर्णय गरी आर्थिक सहायता तथा राहत स्वरुपको रकम प्रदान गर्न सक्नेछ ।

**४. विपन्न नागरिक उपचार सहायता रकमको सीमाः** (१) दिर्घ रोगी, क्यान्सर, मृगौला, कलेजो, स्पाइनल कड तथा अन्य रोगबाट पिडित व्यक्ति, कुनै पनि हिंसावाट पीडित तथा बेचविखनमा परेको व्यक्ति, आर्थिक रुपले विपन्न तथा विभिन्न कारणले पीडित वालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकहरु, आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई र आकस्मिक रुपमा केही कारणले चोट पटक लागि उपचार गर्नुपर्ने अवस्थामा वा अन्य कुनै रोग लागि उपचारत रहेको भनी कुनै अस्पतालमा उपचार गराए वापत गाउँ कार्यपालिकाको निर्णयबाट बढीमा पच्चीस हजार रुपैंया सम्म नगद वा जिन्सी सहायता दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल गाउँपालिकाको बैठक बस्न नसकेको अवस्थामा पछि कार्यपालिकाको बैठकबाट अनुमोदन हुने गरी अध्यक्षको निर्णयले बढीमा पन्ध्र हजार रुपैंया नगद वा सो बराबरको जिन्सी सहायता प्रदान गर्न सक्नेछ ।

**५. पूर्वशर्त पूरा गर्नु पर्नेः** (१) यस गाउँपालिकावाट वितरण हुने आर्थिक सहायता रकम प्राप्त गर्ने पिडित नागरिकले त्यस्तो रकम प्राप्त गर्नको लागि देहाय बमोजिका शर्तहरु पूरा गरेको हुनु पर्नेछः-

क) गाउँपालिकामा पेश्की तथा कुनै बेरुजु नभएको,

ख) गाउँपालिकालाई नियमानुसार तिर्नुपर्ने कर, महशुल, सेवा शुल्क आदि तिरेको,

ग) दीर्घरोगी क्यान्सर रोग तथा अन्य रोगबाट पिडित व्यक्तिहरुले उपचार गर्दा अस्पतालबाट जारी भएको रोग पहिचान गरेको प्रमाण पत्र लिई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट सो रोग लागे वापत मासिक भत्ता नलिएको ।

**६. स्थलगत अनुगमन तथा निरिक्षण गर्नुपर्नेः (१)** गाउँ कार्यपालिकाले गाउँपालिका मार्फत वितरण गरेको आर्थिक सहायता रकम प्राप्त गर्ने व्यक्ति तोकिएको वर्ग समुह भित्र पर्ने हो वा होइन र त्यसरी प्राप्त गरेको रकम प्राप्त गर्ने व्यक्तिले तोकिएकै कामको लागि सदुपयोग गरेको छ छैन भन्ने सम्बन्धमा अनुगमन तथा निरिक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा **(१)** बमोजिम अनुगमन तथा निरिक्षण गर्न तथा वितरण गरिएको आर्थिक सहायता रकमको प्रभावकारी उपयोगका सम्बन्धमा अध्ययन अवलोकन गर्न देहाय बमोजिम एक समिति रहनेछः-

क) गाउँ कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक - संयोजक

ख) गाउँपालिका अध्यक्षले तोकेको महिला कार्यपालिका सदस्य - सदस्य

ग) आर्थिक प्रशासन शाखाका प्रमुख - सदस्य सचिव

**(३)** उपदफा **(२)** बमोजिम गठित समितिले अनुगमन तथा निरिक्षण सम्बन्धी कार्य सम्पन्न पश्चात गाउँ कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**८. झुठ्ठा विवरण पेश गरी आर्थिक सहायता लिन नहुनेः (१)** गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायता कसैले झुठा विवरण पेश गरि लिन हुँदैन ।

**(२)** आर्थिक सहायता रकम लिने उद्देश्यले यदी कसैले झुठा विवरण पेश गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिलाई झुठा विवरण बनाई सिफारिस गर्ने सिफारिसकर्ता दुवैलाई प्रचलित कानून वमोजिम कडा कार्वाही हुनेछ ।

## परिच्छेद - ३

## कोष सम्बन्धी व्यवस्था

**९. कोष स्थापना गर्नु पर्नेः (१)** यस कार्यविधि बमोजिम तोकिएका क्षेत्र भित्र पर्ने पिडित व्यक्तिहरुलाई आर्थिक सहायता वितरण गर्न एक आर्थिक सहायता वितरण कोष स्थापना गर्नु पर्नेछ।

**(२)** उपदफा **(१)** बमोजिम स्थापना गरिएको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

**(क)** पिडित नागरिकहरुलाई आर्थिक सहायता राहत वितरणका लागि गाउँपालिकाको सभाले विनियोजन गरेको रकम,

**(ख)** संघीय सरकार, प्रदेश सरकारबाट कोषको लागि प्राप्त अनुदान रकम,

**(ग)** सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान रकम,

**(घ)** आर्थिक सहायता, पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम

(ङ) यस कोषमा जन्मा हुने भनी कुनै निकायबाट प्राप्त अन्य रकम।

**(३)** कोषको रकम सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१०. कोषको सञ्चालनः** कार्यविधिको दफा ६ बमोजिम स्थापित कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ ।

## परिच्छेद -४

## विविध

**११. यसै कार्यविधि बमोजिम मानिनेः** गाउँपालिकामा यो कार्यविधि बन्नु अघि भए गरेका सबै काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**१२. संशोधन गर्न सक्नेः** यस कार्यविधिमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१३. स्वतः खारेज हुनेः** यो कार्यविधि तथा यसका दफा संघ तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वतः खारेज भएको मानिनेछ ।

**अनुसूची -१**

**(दफा ३ सँग सम्बन्धित)**

**निवेदनको ढाँचा**

श्री मान अध्यक्ष ज्यू,

हरिनगर गाउँपालिका, हरिनगरा सुनसरी

विषयः आर्थिक सहायता उपलब्ध गराई दिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी**………………………………**कारणले **……………..** भई ……………गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । म र मेरो/हाम्रो परिवारको आर्थिक अवस्था नाजुक भएकोले **…………………………** लागि तहाँ कार्यालयको नियमानुसार प्रदान हुने आर्थिक सहायता उपलब्ध गराई दिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. **……………………………**

२. **……………………………**

३. **…………………………**

४. **………………………………**

झुठा विवरण पेश गरेको प्रमाणित भए प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु/छौं ।

<u>निवेदक</u>

नामः-

ठेगानाः-

मितिः-

आज्ञाले,

नामः तुलराज थापा मगर

प्रमुख प्रशासकीय अधिकृत